## २०७६।११।४ का निर्णयहरु

**निर्णय नं. १**

मालपोत कार्यालयवाट तयार भएको सार्वजनिक तथा सरकारी जग्गाको विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

राजस्व परामर्श समितिले तयार गरेको आगामी आ व को निम्नानुसारको आयको विवरण स्वीकृत गरी स्थानीय सरकार सन्चालन ऐन २०७४ वमोजिम अर्थ मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | राजस्व संकेत | शिर्षक | आ.व. २०७६/७७ को वार्षिक अनुमानित आय | आ.व. २०७७/७८ को वार्षिक अनुमानित आय प्रक्षेपण | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | एकिकृत सम्पति कर | ७५०००००.०० | ७५०००००.०० | |
| २ | ११३२१ | घर बहाल कर | ३००००००.०० | ३००००००.०० | |
| ३ | ११३२२ | बहाल विटौरि कर | १०००००.०० | १०००००.०० | |
| ४ | ११४५१ | सवारि साधन कर - साना सवारि | १०००००.०० | १०००००.०० | |
| ५ | ११४७९ | अन्य मनोरञ्जन कर | ३०००००.०० | ३०००००.०० | |
| ६ | १४२१९ | अन्य सेवाशुल्क तथा विक्रि | ५०००००.०० | ५०००००.०० | |
| ७ | १४२२१ | पार्किङ शुल्क | ५०००००.०० | ५०००००.०० | |
| ८ | १४२४२ | नक्सापास दस्तुर | ५००००००.०० | ५००००००.०० | |
| ९ | १४२४३ | सिफारिश दस्तुर | ५००००००.०० | ५००००००.०० | |
| १० | १४२४४ | व्यत्तिगत घटना दर्ता दस्तुर | १०००००.०० | १०००००.०० | |
| ११ | १४२४५ | नाता प्रमाणित दस्तुर | २०००००.०० | २०००००.०० | |
| १२ | १४२४९ | अन्य दस्तुर | २०००००.०० | २०००००.०० | |
| १३ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३७५००००.०० | ३७५००००.०० | |
| जम्मा | | | २६२५००००.०० | २६२५००००.०० | |

**निर्णय नं. ३**

यस नगरपालिकाले करार सेवामा राखेको नगर प्रहरी कर स्वयं सेवक स्वास्थ्य सेवा तर्फका कर्मचारीहरु ईन्जिनियरिङ सेवाका कर्मचारीहरु कृषि तथा पसु सेवा तर्फका प्राविधिक कर्मचारीहरु कार्यालय सहयोगी तथा सवारी चालक कर्मचारीको करार को अवधि समाप्त भएकोले र उक्त पदहरु रिक्त रहँदा कार्यालयको काममा

बाधा समेत पुग्ने भएकाले अर्को व्यवस्था नभए सम्मको लागि वढी असार मसान्त सम्मको लागी करारको म्याद समाप्त भएकै मिति देखि म्याद थप गरी कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४**

फिदिम नगरपालिकाको आवधिक योजनालाई अन्तिमरुप दिन मिति २०७६।१०।०७ गते ११ वजे नगरपालिकामा परामर्शदाताहरुसंग छलफल गरी फाल्गुण मसान्त सम्ममा उक्त योजनालाई अन्तिमरुप दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

निम्नानुसारका विद्यालयहरुले निम्नानुसारका थप कक्षा सन्चालन गर्न अनुमति माग गरेको र नगर शिक्षा समितिवाट समेत उक्त कार्यको लागि सिफारिस भै आएकोले फिदिम नगरपालिकाको शिक्षा ऐन तथा शिक्षा नियमावली वमोजिम उक्त विद्यालयहरुलाई थप कक्षा सन्चालन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | विद्यालयको नाम | ठेगाना | हाल सन्चालित कक्षा | थप अनुमति |
|---|---|---|---|---|
| १ | श्री समता स्कुल | फिदिम २ | ३ | कक्षा ४ |
| २ | श्री मदरगड स्कुल | फिदिम १ | ४ | कक्षा ५ |
| ३ | श्री चोकमागु ईङ्लिस वो स्कूल | फिदिम ५ | ४ | कक्षा ५ |
| ४ | श्री व्लुमिङ फ्लावर ई वो स्कूल | फिदिम ८ | ४ | कक्षा ५ |
| ५ | श्री जागृति आ वि सालघारी | फिदिम ४ | ५ | कक्षा ६ |
| ६ | श्री एभरेष्ट ई स्कूल | फिदिम ७ | ५ | कक्षा ६ |
| ७ | श्री कुम्भकर्ण वाल विकास केन्द्र | फिदिम १ | वाल विकास केन्द्र | आधारभूत तह |

**निर्णय नं. ६**

नगरपालिकाको डम्पिङसाईडमा जम्मा भएको कवाडी सामान विक्री गर्न आह्वान गरिए वमोजिम कुनै पनि फर्म वा संस्थावाट कुनै आवेदन नपरेको हुँदा उक्त सामान निम्नानुसारको दर रेटमा विक्रि गर्ने निर्णय गरियो ।

फलाम प्रति के जी रु १८।००
टिन प्रति के जी रु २
कागज प्रति के जी रु १०
तामा प्रति के जी रु २००।००
आल्मुनियम प्रति के जी रु २०
पित्तल प्रतिकेजी :रु ३००
शिसा प्रति वोतल २५ पैसा

निर्णय नं. ७

फिदिम नगरपालिकाको आफ्नै लोगो निर्माण गरि प्रयोग गर्न राष्ट्रिय तथा स्थानीय दैनिक पत्रिकामा १० दिने सार्वजनिक सुचना प्रकाशन गरि देहाय बमोजिमको विषेशता झल्किने गरि कुनै व्यक्ति, डिजाइनर, संस्थाबाट पेश गराउने र छनौट भएको लोगोका श्रष्टालाई रु १० हजार पारीश्रमिक अन्य भत्ता शिर्षकवाट दिने निर्णय गरियो।

१. फिदिम नगरपालिकाको ऐतिहासिक, भौगोलिक, साँस्कृतिक,धार्मिक, सामाजिक विषेशता झल्किनेहुनुपर्नेछ।

निर्णय नं. ८

फिदिम नगरपालिकाको छैटौं नगरसभा यहि मिति २०७६।११।६ का दिन ११ वजेवाट जिल्ला समन्वय समितिको सभाकक्षमा सन्चालन गर्ने र उक्त कार्यको लागि देहाय अनुसारको तयारी समिति गठन गर्ने निर्णय गरियो।

क) संयोजक श्री नरेन्द्र गुरुङ
ख) सदस्य श्री विनोदकुमार दाहाल
ग) सदस्य श्री विनोद काफ्ले
घ) सदस्य श्री हाङ नारायण हाङसरुम्वा
ङ) सदस्य श्री ईन्दिरा दाहाल

निर्णय नं. ९

साविकमा फिदिम नगरपालिकाले नगर विकास पत्रकारिता पूरस्कार वितरण गर्दै आएकोमा चालु आ व मा सो शिर्षकमा कुनै रकम विनियोजन नगरेको देखिएकोले आगामी नगरसभामा सो कार्यक्रम समावेश गर्ने र नेपाल पत्रकार महासंघ जिल्ला कार्य समितिको अनुरोध अनुसार चालु आ व मा पाँचथर एफ एमका पत्रकार श्री कालीवहादुर शेर्मा (कविन्द) लाई पुरस्कृत गर्ने तथा आयन्दा प्रत्येक वर्षको असारमा हुने नगरसभावाट उक्त पुरस्कार वितरण गर्ने निर्णय गरियो।

निर्णय नं. १०

निम्नानानुसारका योजनाहरुको शिर्षक परिवर्तन (योजना परिवर्तन गर्न ) नगरसभामा प्रस्ताव लाने निर्णय गरियो।

क) नेपाली सेनाको क्याम्प भित्र निर्माण भएको भैरवीदल गणको वंकर जाने वाटो ढलानका लागी विनियोजन भएको रकममा रु ८१ हजार भुक्तानी गर्न अपुग भएकोले पूँजीगत भैपरि आउने शिर्षकवाट सो वरावरको रकम रकमान्तर गरी खर्च लेख्ने निर्णय गरियो।

ख) फाल्गुनन्द गोल्डकपका लागि रु ३ लाख विनियोजन भएकोमा उक्त गोल्डकप हुन नसक्ने भएकाले सो रकम मेयर कप व्याडमिन्टन सन्चालन गर्न रु १ लाख ५० हजार र स्वतन्त्र क्लव फिदिमबाट सन्चालन हुने नगर कप फुटवल खेल आयोजना गर्न रु १ लाख ५० हजार खर्च दिने निर्णय गरियो।

ग) यस नगरपालिकाको वडा नं १ मा रहेको शिव मन्दिरको वरिपरी कम्पाउण्डमा स्टीलको रेलिङवार लगाईएको रकम पुँजिगत सुधार शिर्षकवाट भुक्तानी दिन कार्यपालिकाको वैठकवाट निर्णय हुनुपर्नेमा अन्यथा भएकाले शो को खर्च शिर्षक पुजिगत सुधार कायम गर्ने।

**निर्णय नं. ११**

यस नगरपालिकाको मिति २०७६।०७।०३को वैठकवाट सहायक कम्प्युटर अपरेटरको दरवन्दी श्रृजना गर्ने निर्णय भएकोमा स्थानीय सरकार सन्चालन ऐनको दफा ८३ अनुसार सो दरवन्दी श्रृजना गर्न नमिल्ने देखिएकोले उक्त निर्णय कार्यान्वयन नगर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

यस नगरपालिकाको वडा नं १ मा परिवर्तनका लागि शुरुआत नामक संस्थावाट मेन्सुरेसन मेला सन्चालन गरी सो को लागि सहयोग माग गरेको हुँदा संस्थागत सहयोग शिर्षकवाट लेखिएको रु ८० हजार खर्चको अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

फिदिम नगरपालिका वडा नं २ मा रहेको शुभ निर्माण सेवाले शुभ लक्ष निर्माण सेवा प्रा ली को रुपमा नाम परिवर्तन गर्न आवेदन गरेको र यस संस्थाले आवश्यक सम्पूर्ण कागजात समेत पेश गरेको हुनाले अभिलेख राखी नाम परिवर्तन गर्ने निर्णय गरियो। यस्तै फिदिम नगरपालिका वडा नं ६ का देवीचन्द्र पोर्तेलले अनुग्रह निर्माण सेवा नामको घ वर्गको निर्माण व्यवसायीको रुपमा दर्ता गरिपाउन निवेदन दिएको र आवश्यक प्रकृया पुरा गरिसकेको हुँदा दर्ता गर्ने निर्णय गरियो।

**निर्णय नं १४**

फिदिम नगरपालिकाको शिक्षा नियमावलीको नियम २६ को (घ) को २) मा सामूदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको पदाधिकारीको पदावधि ४ वर्ष उल्लेख भएकोमा शिक्षा ऐन २०२८को दफा

(१२) मा तीन वर्ष पदावधि भएकोले फिदिम नगरपालिकाको शिक्षा नियमावलीको उक्त नियम शिक्षा ऐन २०२८ वमोजिम हुने गरी संशोधन गर्न प्रस्ताव नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं १५**

फिदिम नगरपालिकाको वडा नं २ मा रहेको रमिते भ्यू टावर नयाँ शहर आयोजनाले यस नगरपालिकालाई हस्तान्तण गरिसकेको हुनाले उक्त टावरको संरक्षणका लागि अर्को व्यवस्था नभए सम्मको लागी २ जना पालोपहरामा राख्न वडा नं को कार्यालयवाट सिफारिस भै आएको र तत्काल रुँगालु नराख्दा भएका भौतिक संरचनामा क्षति पुग्न सक्ने भएकाले सिफारिस भै आएका व्यक्तिहरुलाई मासिक पारीश्रमिकको रुपमा रु १३५००।०० दिई काममा लगाउने निर्णय गरियो।

**निर्णय नं १६**

यस नगरपालिकाको ठेका नं PM\works\NCB\074\075\08 को आर्मी क्याम्प चैनसिंह मार्ग सडक निर्माण गरिरहेको ठेकेदार महालक्ष्मी शुभकामना जे भि ले निर्वाचन तथा कार्य स्थलमा आएको पैह्रो समेतको कारणले समयमा आफ्नो काम सम्पन्न हुन नसकी म्याद थप गरिपाउन आवेदन गरेको हुँदा निजलाई सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार चैत्र ११ सम्मको म्याद थप गर्ने निर्णय गरियो।